# न्यायाधीशहरुको राष्ट्रिय सम्मेलन - २०६५
## घोषणापत्र

(चैत्र १८–१९, २०६५, काठमाडौं)

**प्रस्तावना**

स्वतन्त्र, निष्पक्ष एवं सक्षम न्यायपालिका लोकतान्त्रिक राज्य व्यवस्थाको आधारस्तम्भ हो भन्ने मान्यतालाई आत्मसात् गर्दै,

संविधान, कानून तथा न्यायका मान्य सिद्धान्तहरु प्रति प्रतिबद्ध रहँदै,

नागरिक स्वतन्त्रता, मौलिक हक, मानव अधिकार र कानूनी राज्यको अवधारणालाई सार्थक तुल्याउन सदैव क्रियाशील रहने अठोट गर्दै,

न्यायिक काम कारवाहीमा समानता, निष्पक्षता, स्वच्छता, पारदर्शिता कायम गर्दै न्यायपालिका प्रति जनताको आस्था र विश्वास अभिवृद्धि गर्न, लोकतान्त्रिक पद्धति अनुरुप उत्तरदायी एवं गतिशील न्यायपालिकाको स्थापना गर्न, योजनाबद्ध कार्यक्रमहरुको माध्यमबाट न्यायमा सहज पहुँच हुने अवस्था सुनिश्चित गरी छिटो, छरितो, सुलभ एवं स्वच्छ न्याय प्रदान गर्न दृढ संकल्पित रहँदै,

२०६५ साल चैत्र १८ गते मंगलवार प्रारम्भ भै १९ गते बुधवार काठमाडौंमा सम्पन्न भएको न्यायाधीशहरुको प्रथम राष्ट्रिय सम्मेलनका सहभागी हामी न्यायाधीशहरु यो घोषणापत्र जारी गर्दछौं :

१. हामीले स्वतन्त्र न्यायपालिका तर्फको यात्रा प्रारम्भ गरेको करिब ६० वर्ष हुन लागेको छ । प्रधान न्यायालयको स्थापनाबाट प्रारम्भ गरिएको यो यात्राको क्रममा अनेकौं आरोह अवरोहहरु पार गरेका छौं । खासगरी तत्कालीन प्रधान न्यायाधीश श्री हरिप्रसाद प्रधानको कुशल, निडर र दूरदर्शी नेतृत्वबाट प्रारम्भ गरिएको स्वतन्त्र न्यायपालिकाको

विकासको क्रममा हाम्रा अनेकन अग्रजहरुको परिश्रम, लगनशीलता, त्याग र समर्पणबाट आजको न्यायपालिकाको जग बसेको छ र आधुनिकीकरणको मार्गमा उन्मुख छ । आजको यस अवसरमा स्वतन्त्र न्यायपालिका र न्यायिक पद्धतीको विकासमा हाम्रा आदरणीय अग्रजहरुबाट प्रेरणा लिदै वहाँहरुले पुऱ्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै हार्दिकतापूर्वक सम्मान व्यक्त गर्दछौं ।

२. राज्यद्वारा मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ तथा न्यायिक स्वतन्त्रता सम्बन्धी संयुक्त राष्ट्रसंघीय आधारभूत सिद्धान्तहरु, १९८५ समेतका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले निर्दिष्ट गरेका न्यायिक स्वतन्त्रता सम्बन्धी आधारभूत मान्यताहरुको आधारमा संवैधानिक रुपमा नै न्यायिक स्वतन्त्रताको प्रत्याभूति गरिनु पर्दछ भन्ने मान्यतामा अगाध आस्था र विश्वास व्यक्त गर्दछौं ।

३. स्वतन्त्र, निष्पक्ष, प्रभावकारी र उत्तरदायी न्याय व्यवस्था कायम गरी नागरिक हकको संरक्षण तथा मानव अधिकारको प्रत्याभूति र कानूनको शासन कायम गराउने संवैधानिक उत्तरदायित्व निर्वाह गर्न न्यायिक अंगको जिम्मेवार सदस्यको हैसियतमा वहन गर्दै आएको भूमिकालाई आत्मसात् गर्दै अझ बढी सकृयताका साथ समर्पित रहने अठोट गर्दछौं ।

४. न्यायिक स्वतन्त्रता र निष्पक्षता उत्तरदायी न्यायपालिकाको अभिन्न विषय भएको कुरालाई आत्मसात गर्दै न्यायापालिकाको स्वतन्त्रता र निष्पक्षतालाई अक्षुण्ण राख्न न्यायपालिका आफ्नो काम कारवाही प्रति सदैव पारदर्शी, जिम्मेवार र उत्तरदायी रहने कुरामा पूर्ण प्रतिबद्धता व्यक्त गर्दछौं ।

५. न्यायिक स्वतन्त्रता व्यक्तिगत रुपमा न्यायाधीशको लागि उन्मुक्ति नभएर अन्ततः जन अधिकारको रक्षाको लागि हो । कार्यपालिका, व्यवस्थापिका, नेपाल बार एशोसिएशन, सञ्चार जगत, नागरिक समाज लगायत सबै क्षेत्रले न्यायिक स्वतन्त्रताका विश्वव्यापी मान्यताहरुको आधारमा त्यसको सम्मान, संरक्षण र संवर्द्धन गर्न प्रयत्नशील रहने छन् भन्ने कुरामा हामी विश्वास राख्दछौं ।

६. न्यायिक काम कारवाहीमा समानता, स्वच्छता, पारदर्शिता र निष्ठा कायम रहनु पर्दछ भन्ने मान्यतामा अटल विश्वास राख्दै त्यसैका माध्यमबाट न्यायपालिकाप्रति जनताको

आस्था र विश्वास अभिवृद्धि गर्न न्यायाधीशहरुको आचारसंहिता महत्वपूर्ण आधार हो भन्ने कुरा महशुस गर्दै स्वतन्त्र एवं सक्षम न्यायपालिका र न्यायिक निष्ठाका आधारभूत मूल्य मान्यताहरुका सन्दर्भमा विकसित अन्तर्राष्ट्रिय मापदण्ड र नविनतम अवधारणाहरु समेतलाई समेटेर तयार पारिएको **न्यायाधीशहरुको आचार संहिता, २०६५** लाई ग्रहण गर्दछौं र त्यसको पूर्ण पालनामा प्रतिबद्धता व्यक्त गर्दछौं ।

७. देशका विभिन्न भागमा न्यायाधीशहरु लगायत अदालतका कर्मचारीहरु प्रति बढ्दै गएको सुरक्षा-खतरा, धाक धम्की, अमर्यादित र अशोभनीय व्यवहार एवं क्रियाकलापबाट स्वतन्त्र, स्वच्छ र निष्पक्ष रुपमा न्याय सम्पादन गर्ने कार्यमा गम्भिर व्यवधान पैदा हुने भएकाले राज्यको तर्फबाट सुरक्षाको भरपर्दो, विश्वसनीय र व्यवहारिक रुपमा प्रत्याभूति सुनिश्चित गर्न सरकारका साथै सम्बद्ध सबैको गम्भिर रुपमा ध्यानाकर्षण हुन आवश्यक छ भन्ने महसुस गर्दछौं ।

८. मुद्दा मामिलाको रोहमा अदालतले दिएको कुनै पनि आदेश वा निर्णयको राज्यका सबै अंग, निकाय, पदाधिकारी वा नागरिक सबैले सम्मान र पालना गर्नु पर्दछ भन्ने संविधानतः स्थापित मान्यतालाई पुनः स्मरण गर्दै न्यायिक निर्णय वा आदेश विरुद्ध हुने कुनै पनि प्रकारको अवाञ्छित गतिविधि स्वतन्त्र न्यायपालिकाको मर्म प्रतिकूल हुन्छ र परिणामतः यस्तो कार्यले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाबाट न्याय निरुपण गर्न पाउने नागरिकको मौलिक हकलाई नै संकुचन एवं अवरुद्ध गर्दछ भन्ने दृढ मान्यता राख्दै विगत केही वर्ष देखि न्यायिक निर्णय विरुद्ध विभिन्न क्षेत्रबाट हुँदै आएका अशोभनीय क्रियाकलाप प्रति असहमति जनाउँदै चिन्ता व्यक्त गर्दछौं ।

९. न्यायपालिकाको समग्र विकासमा योजनाबद्ध कार्यक्रमहरुको आवश्यकता महशुस गर्दै न्यायपालिकाको परिदृश्य, परिलक्ष्य तथा मूल्य मान्यता समेत परिभाषित गरी लागु भएको न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजना (२०६१–२०६६)को कार्यान्वयनवाट प्राप्त उपलब्धिहरुलाई जगेर्ना गर्दै विगतमा महसुस हुन आएका कमी कमजोरी हटाई आगामी दिनमा न्यायपालिकाको आवश्यकता अनुसारका कार्यक्रमहरुलाई समेटेर यथार्थपरक उपयुक्त आबधिक योजनाको तर्जुमा गरिनु पर्ने र प्रभावकारी रुपमा त्यसलाई कार्यान्वयनमा लैजानुपर्ने अपरिहार्यता महशुस गर्दछौं ।

१०. न्यायाधीशको नियुक्ति, सरुवा र अनुशासन सम्बन्धी कारवाहीहरु संविधान र कानूनले तोकेको निश्चित मापदण्डको आधारमा गरिनु पर्दछ भन्ने मान्यतालाई दृष्टिगत गर्दै

योग्यता र क्षमताको आधारमा पारदर्शी तवरबाट गरिन्छ भन्ने कुरामा विश्वास व्यक्त गर्दछौं ।

११. न्यायाधीशहरुको कार्यक्षमता, दक्षता र योग्यता अभिवृद्धि सम्बन्धी विषयमा सबैलाई समान अवसर सहितको निरन्तर र प्रभावकारी कानूनी शिक्षा तथा तालिमको अवसर उपलव्ध गराउन न्यायिक संस्था सदैव चिन्तनशील रहनेछ भन्ने कुरामा आशा र विश्वास गर्दछौं ।

१२. अबको न्याय प्रशासन नवीन सार्वजनिक व्यवस्थापनको अवधारणामा आधारित भएर संचालन हुनुपर्दछ भन्ने कुरामा जोड दिदै सक्षम र स्वतन्त्र न्यायपालिकामा कार्यरत अधिकृत र कर्मचारीको अहम् भूमिका रहने तथ्यलाई स्वीकार गर्दै न्याय प्रशासनलाई समय सुहाउँदो सक्षम र प्रभावकारी बनाउनु पर्ने अपरिहार्यता महशुस गर्दछौं ।

१३. न्यायिक व्यवस्थापनको कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुको उच्च मनोबल कायम गर्न, सबै तहका अधिकृत एवं कर्मचारीहरुको वृत्ति विकासको अवसर सुनिश्चित गर्न, न्यायिक नियुक्तिमा न्यायपालिकाका सक्षम जनशक्तिको प्रवेशलाई संकुचन नगरी प्रतिस्पर्धामा भाग लिन पाउने समान अवसर उपलब्ध गराउन, कर्मचारीहरुको उचित र वैधानिक अपेक्षा प्रति स्वयम् न्यायपालिका लगायत राज्यका सम्वद्ध सबै निकायहरुबाट पर्याप्त संवेदनशीलता अपनाई विधिसम्मत तरिकाबाट सम्बोधन गरिनु आवश्यक छ भन्ने कुरामा जोड दिन्छौं ।

१४. न्यायपालिकामा काम गर्ने अधिकृतहरु सहित सबै तहका कर्मचारीहरुको सेवा, शर्त, सुविधा तथा पारिश्रमिक सम्बन्धमा विधायिकाले छुट्टै ऐन निर्माण गरी निर्धारण गर्नुपर्ने र पारिश्रमिक एवं अन्य सुविधा मूल्यवृद्धि सूचकांकको आधारमा स्वतः वृद्धि हुदै जानुका साथै आवधिक रुपमा पारिश्रमिक र सुविधाको पुनरावलोकन गर्ने पद्धती अपनाउन वाञ्छनीय भएकाले यस पक्षमा आवश्यक कानुनको निर्माण गर्न सम्वद्ध निकायहरुको ध्यान आकृष्ट हुनुपर्दछ भन्ने महशुस गर्दछौं ।

१५. कुनै पनि राष्ट्रको जीवनमा ज्यादै नै महत्वपूर्ण ठानिने संविधान निर्माणको विषयमा न्यायाधीशहरुले पनि आफ्नो ज्ञान, शीप, अनुभवका आधारमा तार्किक, व्यवहारिक र उपयोगी सुझाव अवधारणा संविधानसभालाई उपलब्ध गराउनु पर्दछ भन्ने कुरालाई गम्भिरतापूर्वक आत्मसात् गर्दै भावी संविधानमा न्यायपालिकाको स्वरुप, संरचना

सम्बन्धी विषयमा कार्यक्रमहरु आयोजना गरी न्यायाधीशहरुका बीच व्यापक छलफल र वहस पश्चात् तयार गरी संविधानसभामा प्रस्तुत गरिएको सुझावलाई गम्भीरतापूर्वक लिई भावी संविधानमा स्वतन्त्र न्यायपालिका सम्बन्धी प्रावधान सुनिश्चित गरिनेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।

१६. न्यायसम्पादन प्रक्रियामा सरलीकरण, कार्य सम्पादनमा शीघ्रता र एकरुपता तथा न्याय क्षेत्रमा गरिनुपर्ने समयानुकुल परिर्वतनलाई आत्मसात् गर्दै अदालत व्यवस्थापनमा प्रभावकारीता ल्याई न्यायमा नागरिकको सहज पहुँचको अधिकारलाई व्यवहारमा स्थापित गर्न तत्सम्बन्धी समसामयिक विषयमा आपसी छलफल गरी निष्कर्ष निकाल्न न्यायाधीशहरुको सम्मेलन महत्वपूर्ण माध्यम बन्न सक्छ भन्ने विश्वासलाई दोहोऱ्याउँदै प्रत्येक वर्ष क्षेत्रीय तहमा र प्रत्येक तीन वर्षमा राष्ट्रिय तहमा न्यायाधीशहरुको सम्मेलन आयोजना गर्ने विषयलाई न्यायपालिकाको वार्षिक कार्यक्रममा समावेश गरिनु पर्दछ भन्ने कुरामा जोड दिन्छौं ।